राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

१५ चैत २०७९

## स्व. दयाराम परियारको १७औं स्मृतिको सन्दर्भमा श्रद्धाञ्जली कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगका तत्कालीन जनकपुर सम्पर्क कार्यालयमा कार्यरत कर्मचारी दयाराम परियारको सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको १७ औं स्मृतिको सन्दर्भमा आयोगले आज श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरेको छ । परियारको जन आन्दोलन २०६२/६३ को क्रममा जनकपुरको जनक चोकमा २०६२ चैत १२ गते सुरक्षाकर्मीको गोली लागी उपचारको क्रममा काठमाडौंको त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जमा चैत १५ गते निधन भएको थियो ।

श्रद्धाञ्जली कार्यक्रममा बोल्दै स्व. दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम परियारको निधनले मानव अधिकारको क्षेत्रमा क्रियाशील सिङ्गो समुदाय नै जोखिममा रहेको प्रतिबिम्बित गरेको र १७औं वर्ष पुगिसक्दा समेत न्याय प्राप्त गर्न नसकेकोमा दुःख व्यक्त गर्नुभएको थियो । साथै उहाँले उक्त घटनाका दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोगको ध्यानाकर्षण गराउँदै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरलाई नौ बुँदे ज्ञापनपत्र पेश गर्नुभएको थियो । सो क्रममा आयोगका माननीय अध्यक्ष मगरले उक्त घटनाप्रति दुःख व्यक्त गर्दै दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन आयोगले हरसम्भव प्रयास गर्ने बताउनुभयो ।

श्रद्धाञ्जली कार्यक्रममा आयोगका माननीय सदस्यहरु डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल, लिली थापा, का.मु. सचिव मुरारिप्रसाद खरेल, सहसचिव डा. टीकाराम पोखरेलले स्व. दयाराम परियारको सम्बन्धमा आफ्ना भनाई राख्नुभएको थियो । सो क्रममा आयोगका पदाधिकारी, कर्मचारी, दयाराम परियारका परिवार, आफन्त लगायत उपस्थित सहभागीहरुबाट स्व. दयाराम परियारको तस्वीरमा माल्यार्पण गर्नुका साथै एक मिनेट मौन धारण गरिएको थियो ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org